# युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार

नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच सहमति भइ मिति २०६३ असार १ गते गठन भएको राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार निम्नानुसार कायम गर्न नेपाल सरकार तथा ने.क.पा. (माओवादी) सहमत भएका छन्:-

१. २०६३ जेष्ठ १२ गते सरकारी वार्ताटोली र माओवादी वार्ताटोली वीच सहमति भै तयार गरिएको २५ बुँदे आचार संहितामा उल्लेखित विषयहरुको पालना भए नभएको बारे अन्तराष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।

२. शान्ति प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कहीं कतैबाट हुने कुनै पनि प्रकारको अभिव्यक्ति तथा क्रियाकलापको अनुगमन गरी सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।

३. बुँदा नं. १ र २ अनुसार अनुगमन गर्दा मिति २०६२ मंसिर ७ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको बाह्रबुँदे समझदारी तथा मिति २०६३ असार २ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको आठ बुँदे सहमतिको भावना तथा भविष्यमा हुने सहमतिलाई समेत आधार बनाउने ।

४. अनुगमनको क्रममा युद्धविराम र त्यसको आचार संहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानविन र अनुसन्धान गर्ने एवं आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्ने ।

५. अनुसन्धान र छानविन गर्ने क्रममा घटना घटेको जुनसुकै स्थान वा ठाउँमा विना अवरोध आवत जावत गर्ने, सम्बन्धित स्थानको स्थलगत निरीक्षण गर्ने, सोधपुछ गर्ने र प्रमाण संकलन गर्ने । यस कार्यका लागि दुवै पक्षले अनुगमन टोलीलाई सुरक्षाको प्रत्याभूति दिने ।

६. राष्ट्रिय अनुगमन समितिको प्रतिवेदन माथि छलफल गर्न र कार्यान्वयन गराउन नेपाल सरकारको वार्ताटोली र ने.क.पा. (माओवादी) को वार्ताटोलीले एक संयुक्त समिति गठन गर्ने ।

७. अनुसन्धान, छानविन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन नेपाल सरकार र ने.क.पा.(माओवादी) का प्रतिनिधिहरु रहेको उक्त संयुक्त समिति समक्ष प्रस्तुत गर्ने । यस्तो संयुक्त समिति नबनुन्जेल अनुगमन समितिले दिने सिफारिश तथा प्रतिवेदन अनुगमन समितिका संयोजकमार्फत दुवै पक्षका वार्ता टोलीका संयोजकलाई बुझाउने । अनुगमन सम्बन्धी आवधिक एवं अन्य प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

८. अनुगमन समितिको प्रतिवेदन बुझ्ने र सो कार्यान्वयन गर्न गराउन गठन हुने संयुक्त समितिमा दुवै पक्षको सहमतिमा तय भए बमोजिम सदस्यहरु रहने । यस संयुक्त समितिले राष्ट्रिय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनहरु उपर छलफल गर्ने र कार्यान्वयनका विषयमा सहमति कायम गर्ने । संयुक्त समितिमा रहेका दुवै पक्षले आ-आफ्नो पक्षबाट प्रतिवेदनका सुझावहरु कार्यान्वयन गराउने । संयुक्त समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने ।

९. राष्ट्रिय अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिहरु तथा स्थानीय अनुगमन टोलीहरु गठन गर्न सक्ने ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

१०. राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने । सो कार्यविधिको अनुमोदन दुवै पक्षको वार्तटोलीले गर्ने ।

११. राष्ट्रिय अनुगमन समितिलाई नेपाल सरकारले आवश्यक पर्ने कार्यालय, प्रशासनिक, आर्थिक तथा अन्य साधन स्रोत उपलब्ध गराउने ।

१२. सबै राजनीतिक दलहरुका स्थानीय निकायहरु र मानव अधिकारवादी, नागरिक समाज लगायत सम्बद्ध सबै पक्षबाट अनुगमन कार्यमा सहयोग लिने ।

१३. मानव अधिकार सम्बद्ध विषयहरुको अनुगमनमा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिने ।

१४. संविधान सभाको निर्वाचन पछि बन्ने संविधान लागु हुने मितिसम्म राष्ट्रिय अनुगमन समिति कार्यरत रहने ।

१५. राष्ट्रिय अनुगमन समितिको केन्द्रीय कार्यालय काठमाडौंमा रहने र नेपाल सरहदभित्र आवश्यकतानुसार अन्य कार्यालय स्थापना गर्न सकिने ।

१६. राष्ट्रिय अनुगमन समितिले गरेका काम कारवाहीहरु अभिलेखका रुपमा सुरक्षित राखिने ।

१७. यो समितिको कार्यक्षेत्र र अधिकारमा आवश्यकतानुसार दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

ने.क.पा. (माओवादी) का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा
हस्ताक्षर :
मिति : २०६३।३।१२

नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
हस्ताक्षर :
मिति : २०६३।३।१२

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com